प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोनः ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०९/१४

## दौरा सुरुवालः (नेपाली पोषाक) सम्बन्धी सिलाई कटाई तालिम संचालन गरिने सूचना ।

यस कार्यालयको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भगत सर्वजित सीप विकास प्रवर्द्धन कार्यक्रम (दलित लक्षित) अन्तर्गत विपन्न दलित समुदायका नागरिकहरुलाई परम्परागत सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरी स्वरोजगारी सिर्जना गर्दै आत्मनिर्भर गराउने उद्देश्यले दौरा सुरुवाल (नेपाली पोषाक) सम्बन्धी सिलाई कटाई तालिम संचालन गर्ने कार्यक्रम रहेकाले उक्त तालिममा सहभागी हुन चाहने यस जिल्लाभित्रका इच्छुक दलित समुदायका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको कागजातहरु सहित कार्यालयले तोकेको ढाँचामा फारम भरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तपशिलः*

- तालिमको नामः- दौरा सुरुवाल (नेपाली पोषका) सम्बन्धी सिलाई कटाई तालिम ।

  १. तालिम अवधिः ७५ दिने ।  २. आवश्यक प्रशिक्षार्थी संख्याः- २० जना मात्र ।
- आवेदन पाइने स्थानः घरेलु तथा साना उद्योग कार्यालय, रुकुम पूर्व ।
- आवेदन दिने अन्तिम मितिः २०७८/०९/२८ गते सम्म ।
- स्थानः सिस्ने गा.पा.-६, बाउनडेरा, रुकुम पूर्व ।

*आवश्यक योग्यताः*

- १८ देखि ४५ वर्ष उमेर समूहको दलित समुदायको नेपाली नागरिक ।
- साधारण लेखपढ गर्न सक्ने ।
- *संलग्न गर्नुपर्ने कागजातहरुः*

  १. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।  २. पासपोर्ट साइजको फोटो-२ प्रति ।

  ३. दलित समुदायको व्यक्ति हो भनी सम्बन्धित निकायबाट प्रमाणित ।

  ४. तालिम प्राप्त गरे पश्चात व्यवसाय संचालन गर्ने प्रतिवद्धता व्यक्त गरेको ।

*द्रष्टव्यः*

- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- प्राप्त निवेदन प्रस्ताव जिल्लास्थित मूल्याङ्कन समितिद्वारा ऐन, नियम एवं कार्यविधिका आधारमा मुल्याङ्कन गरी उक्त कार्यक्रमका लागि सहभागी छनौट गरिन्छ।
- प्रशिक्षार्थीहरुलाई प्रविधि हस्तान्तरण गर्दा ८०% कार्यालयले र २०% प्रशिक्षार्थीहरुले व्यहोर्ने गरी आवश्यक प्रविधि हस्तान्तरण गरिन्छ।
- उक्त तालिमका सहभागीहरुलाई आवास, खाना र खाजाको व्यवस्था रहेको छ। (नोटः- सिस्ने गा.पा. वडा नं. ५ का बाउन्टाना, टाकुरा, चिउरेनी, मैदान, धौबलपैरा र वडा नं. ६ को छिप्रिदह, बाउनडेरा, पाखागाउ, ढगलबाराका सहभागीलाई खाजाको मात्र व्यवस्था रहेको छ।
- थप जानकारीका कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः-९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)